नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२०००८२, ०१-४२००६००
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
वेबसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं :

## प्रेस विज्ञप्ति

मिति २०८३ साल वैशाख ९ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय सिता बादीसँग संयुक्त राष्ट्रसंघीय निकायका नेपालस्थित प्रतिनिधिहरूको शिष्टाचार भेटघाट सम्पन्न भयो।

उक्त भेटघाटमा संयुक्त राष्ट्रसंघीय निकायहरूका तर्फबाट UN Women नेपालकी कन्ट्री रिप्रेजेन्टेटिभ Ms. Patricia Fernandez-Pacheco सहित IOM, UNFPA, UNICEF तथा UN Women का प्रतिनिधिहरुसँग शिष्टाचार भेटवार्ता भयो।

सो भेटवार्तामा महिला सशक्तीकरण, लैङ्गिक समानता, बालअधिकार, ज्येष्ठ नागरिकको सम्मानजनक जीवन, सामाजिक समावेशीकरण तथा दिगो विकासका प्राथमिकतासम्बन्धी विषयमा विचार आदानप्रदान भयो। नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय निकायबीच विद्यमान सहकार्यलाई अझ प्रभावकारी, परिणाममुखी र सुदृढ बनाउने विषयमा पनि छलफल भएको थियो।

माननीय मन्त्री बादीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकार, सुरक्षा, सम्मान र सशक्तीकरण नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै यस क्षेत्रमा संयुक्त राष्ट्रसंघीय निकायहरूबाट प्राप्त सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो।

...........
चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता

वि.स. २०८३ साल वैशाख ९ गते
नेपाल संवत् ११४६